# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी फत्ते बहादुर सोडारी रहेको भ्रष्टाचार मुद्दामा सम्मानित सर्वोच्च अदालत, काठमाडौंमा पुनरावलोकन गरिएको मुद्दा।

सम्मानित सर्वोच्च अदालत, काठमाडौंबाट फत्ते बहादुर सोडारी रहेको भ्रष्टाचार मुद्दामा भएको फैसला उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय अनुसार मिति २०८१।०४।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकन गरिएको बिवरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालत संयुक्त इजलासको अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकन गरिएका कानूनी आधारहरु/नजिर सिद्धान्तहरु |
|---|---|---|---|---|---|
| १ | **फत्ते बहादुर सोडारी** (स.अ. को (मुद्दा.नं. ०७५-CR-१७८८ स.अ.संयुक्त इजलासको फैसला मिति २०८०।१०।२५ | भ्रष्टाचार नक्कली प्रमाणपत्र। | प्रतिवादी फत्तेबहादुर सोडारीले M.Ed. तहको शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र कालिकेश्वरी मा.वि.मा रहेको उच्च मा.वि.को प्र.अ./प्राचार्य ओहदामा बहाल रहनका लागि Tikapur Multiple Campus बाट अध्ययन गरेको M.Ed. Specialization English तह उत्तीर्ण गरेको झुठा शैक्षिक प्रमाणपत्र पेश गरी राज्यकोषको रकम प्राप्त गर्ने मनसायले सेवामा बहाल रही लाभ समेत लिई कार्यरत रहेको देखिएकाले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिएको हुँदा निज प्रतिवादी कालिकेश्वरी मा.वि. अछामका प्रधानाध्यापक फत्ते बहादुर सोडारीलाई सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन मागदाबी रहेको। | **१. फैसलाः**<br>विशेष अदालतबाट मिति २०७५।०८।२८ मा भएको फैसलामा चित्त नबुझी आयोगको तर्फबाट श्री सर्वोच्च अदालतमा पुनरावेदन गरिएकोमा श्री सर्वोच्च अदालत संयुक्त इजलासबाट फैसला हुँदा सुरु विशेष अदालत काठमाण्डौको मिति २०७५/८/२८ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ भनी सुरु विशेष अदालतबाट भएको फैसलालाई सदर गरी मिति २०८०।१०।२५मा प्रतिवादीलाई सफाई दिने ठहर गरी फैसला भएको ।<br>**२.सर्वोच्च अदालत संयुक्त इजलासबाटफैसला गर्दा लिएका मुल आधारहरु** :<br>क) प्रतिवादीले अनुसन्धानको क्रममा गरेको स्वीकारोक्ति मात्रलाई आधार मान्न नसकिने। फौजदारी मुद्दामा बयान बाहेकका अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणको आवश्यकता पर्ने।<br>ख) प्रतिवादी फत्ते बहादुर सोडारीले स्नातकोत्तर तहको नक्कली प्रमाणपत्र सम्बन्धित ठाँउमा पेश गरी लाभ लिएकों नदेखिंदा आरोपदाबी पुग्न नसक्ने। निज प्रतिवादीले आरोपदाबीबाट सफाई पाउने। | क) प्रतिवादी फत्ते बहादुर सोडारीले एम.एड. अग्रेजी बिषयको नक्कली शैक्षिक प्रमाण पत्र पेश गरी प्रधानाध्यापक नियुक्त भई कार्यरत रहेको भन्ने उजुरी परेकोमा निज प्रतिवादीले लिएको M.Ed. Specialization- English तहको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणिकरणका लागि त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय पठाउँदा सो कार्यालयबाट प्राप्त विवरणमा निजको M.Ed. को शैक्षिक योग्यताको प्रमाणपत्र उक्त कार्यालयबाट जारी नभएको भनी लेखि आएकोले नक्कली भएकोमा निर्विबाद पुष्टी भएको। निजले जिल्ला शिक्षा कार्यालय,अछाममा पेश गरेको नक्कली प्रमाण पत्र Master's Degree in education specialization:- English को Academic Transcript मिसिल संलग्न रहेको देखिएको र मौकामा अनुसन्धानको क्रममा वयान गर्दा उक्त प्रमाणपत्र प्र.अ./ प्राचार्य हुने फाईदा लिएको भनि स.ज.१४मा  उल्लेख गरेको,क्याम्पसको अध्ययन गर्दा सफल हुन नसकेको हुँदा परिस्थिति वाध्यताका कारण उक्त प्रमाणपत्रहरु विद्यालयमा पेश गरी प्राचार्यमा नियुक्ति पाई मिति २०७१।११।०५देखि २०७४।०२।१४ सम्म प्र.अ.भत्ताको रुपमा मासिक रु.५००।- का दरले थप आर्थिक सुविधा जम्मा रु.१४,०००।- लिएको हुं र फिर्ता गर्न तयार छु भनि वयान वेहोरा लेखी आरोपित कसुरमा सावित रहि वयान गरेको र नक्कली प्रमाणपत्र समेत मिसिल सामेल रहेको देखिदा मौकाको वयान प्रमाण ग्राह्य भई निज प्रतिवादीले कसुर गरेको पुष्टी हुदाहुदै निज प्रतिवादीलाई कसुर अपराधबाट सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।<br>ख) निज प्रतिवादीले अदालतको वयानमा आरोपित कसुरमा ईन्कार रही वयान गरेको।निज प्रतिवादीले अदालतमा कसुर गरेकोमा ईन्कार गरी वयान गरेता पनि निजबाट पेश भएका निजकै नामका उक्त नक्कली प्रमाण पत्र को कस्ले कुन प्रयोजनकालागी बनाएका हुन् भनि भन्न सकेका छैनन् र निजका प्रमाण पत्रको अन्य व्यक्तिलाई सरोकार नरहने तथा अरु कसैलाई फाईदा हुने नदेखिदा निज प्रतिवादीले दुषित मनसायले प्राचार्य बन्ने उदेश्यले बनाएको स्पष्ट भएको।विवादित प्रमाणपत्र प्रतिवादी आफुले नलिएको भनि अदालतमा ईन्कार रहेतापनि त्यस्तो इन्कारी वयान तथ्ययुक्त एवं ठोस सबुद प्रमाणबाट समर्थित हुन नसकेको।आफुलाई मात्र फाईदा हुने र आफैसंग रहने कुरा अरु कसैले बनाएको वा आफुले बनाएको होईन भन्ने अवस्था नदेखिएको।यसरी स्वतन्त्र प्रमाणहरुवाट कसुर पुष्टि भईरहेकोमा केवल अदालतमा प्रतिवादीले गरेको ईन्कारी वयान मात्र आरोपित कसुरवाट उन्मुक्ति पाउने आधार बन्न सक्ने हुदैन।यी प्रतिवादीले अनुसन्धानमा वयान गर्दा कसुरमा सावित रहि वयान गरेको देखिनुका साथै अन्य स्वतन्त्र प्रमाणहरुवाट निजको मौकाको वयान समर्थित रहेको देखिएको। प्रतिवादीले अदालतमा वयान गर्दा मौकाको वयानमा स्वेच्छाले नलेखि अख्तियारका कर्मचारीहरुको डर धम्कीले गर्दा उनिहरुले भने बमोजिम मैले लेखेको हो भनि वयान कथन लेखाएको भएतापनि सो सम्वन्धमा अन्यथा प्रमाणित गराउन नसकेको। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको क्रममा भएको वयानलाई प्रमाणमा लिन मिल्ने देखिन्छ।अनुसन्धानमा भएको वयान निरपेक्ष रुपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनि अर्थ गर्न नमिल्ने" (ने.का.प. २०७७,अंक ५,नि.नं १०५१३) भन्ने कानूनी सिद्धान्त प्रतिपादन भई सकेकोमा सो कानूनी सिद्धान्त समेतको प्रतिकुल हुने गरी फैसला भएको देखिदा त्रुटीपुर्ण भै बदरभागी रहेको।<br>ग) प्रस्तुत मुद्दामा प्रतिवादीले अनुसन्धानमा वयान गर्दा कसुरमा साविती रहि वयान गरेको र अदालत समक्ष वयान गर्दा कसुरमा ईन्कार गरी वयान गरेकोले निज प्रतिवादीको दुई विपरित खालको अभिव्यक्ति मिसिल सामेल रहेको देखिएको।यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट कानूनी सिद्धान्त प्रतिपादन भएको।" दुई विपरित खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनु पर्ने हुन्छ।अधिकार प्राप्त अधिकारी समक्षको साविती र अदालत समक्षको ईन्कारीमध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुनै कथन अन्य प्रमाणवाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो।अधिकार प्राप्त अधिकारी समक्ष व्यक्त गरेको कुरा प्रमाण शुन्य हुने होईनन्।न त प्रतिवादीको अदालत समक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो।अदालत समक्ष इन्कारी गर्दा अधिकार प्राप्त अधिकारी समक्ष के कुन कारण र कसरी सावित बनाईयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनु पर्ने" (ने.का.प.२०७० अंक ६ नि.नं.९०२२) भन्ने सिद्धान्त बमोजिम प्रस्तुत फैसलामा न्यायिक विश्लेषण नभई प्रतिवादीलाई कसुर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अपराधबाट उन्मुक्ति दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपुर्ण रहेको।<br>घ) प्रतिवादीले अदालतमा वयान गर्दा अनुसन्धानमा भएको वयान स्वतन्त्र नभएको भनि कथन लेखाएको देखिदा वयान स्वतन्त्रतापूर्वक भएको छैन भन्ने जिकिर सम्वन्धमा ब्याख्या भएको छ।-अदालतले वयान बकपत्र गराउँदा शक्तिको प्रयोग गर्दैन र त्याहाँको काम स्वतन्त्रतापूर्वक हुन्छ भन्ने ठानिन्छ।यो सर्वमान्य र वास्तविक पनि हो।मुद्दा हेर्ने अधिकारी समक्ष गरेको वयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्रणाली र कानूनी पद्दति नै परिवर्तन गर्नु पर्ने स्थिति आउने हुदा अदालत र मुद्दा हेर्ने अधिकारी समक्ष गरेको वयान स्वतन्त्रतापूर्वक भएको छैन भन्ने जिकिर कानूनी मान्यता र सिद्धान्तको आधारमा नै स्वीकार गर्न नसकिने(ने.का.प.२०६७अंक ११ नि.नं.८५०३) भनि अनुसन्धानको वयानलाई प्रमाण शुन्यतामा नराखेको अवस्थामा प्रस्तुत फैसलामा मौकाको प्रतिवादीको वयानलाई प्रमाण शुन्य मानी अदालतको वयानलाई मात्र आधार मानी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण भै बदरभागी रहेको।<br>ङ) यी प्रतिवादी फत्ते बहादुर सोडारीले मौकाको वयानमा स.ज.९ मा जिल्ला शिक्षा कार्यालय अछामको च.नं.७५० मिति २०७९।०८।२९को पत्रबाट षेश गरिएका प्रमाणपत्रहरु S.L.C देखी M.ED सम्मको प्रमाण पत्रका प्रमाणित प्रतिलिपीहरु मेरै हुन् भनि सनाखत गरी वयान गरेको र जिल्ला शिक्षा कार्यालय अछामको पत्रवाट पनि निजले जिल्ला शिक्षा कार्यालय अछाममा पेश गरेको भनि उल्लेख गरि पत्र पठाएको।नक्कली प्रमाण पत्र बनाउनु नै कानूनले अपराधिकरण गरेको हुंदा यी प्रतिवादी बस्तुनिष्ठ,ठोस सबुद प्रमाणहरुवाट आरोपित कसुरको कसुरदार पुष्टी भईरहेकोमा उक्त नक्कली प्रमाण पत्र पेश नगरेको र लाभ तथा सुविधा नलिएको भनि प्रतिवादी फत्ते बहादुर सोडारीलाई अभियोग मागदावीबाट सफाई दिने गरी भएको फैसला नमिलेको।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त हेर्दा "पेश भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उदेश्यले प्राप्त नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यक नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्य पछाडि ओहदा सम्वन्धि सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय रहेको।नक्कली प्रमाण पत्र पेश गर्ने कार्यमा आपराधिक कार्य(Actus Rea)र आपराधिक मन वा उदेश्य (Means Rea)समेतको दुवै तत्वहरुको क्रियाशिलता समावेश भएको हुन्छ,प्रमाणपत्रबाट फाईदा नलिएकोबाट कसुर नभएको भन्ने न्यायोचित र कानूनसंगत नहुने"(राधेश्याम गुप्ता विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालत संयुक्त ईजलासवाट मिति २०७६।०१।१० मा फैसला तथा नि.नं. १०५५०) भन्ने कानूनी सिद्धान्तको प्रतिकुल हुने गरी भएको फैसला त्रुटिपुर्ण देखिदा बदरभागी रहेको।<br>च) यी प्रतिवादीले जिल्ला शिक्षा कार्यालय, अछाममा विवादित प्रमाणपत्र पेश गरेको कुरा अनुसन्धानको वयानमा स्विकार गरेका छन् भने जिल्ला शिक्षा कार्यालय,अछामको च.नं.७५० मिति २०७३।८।२९ को पत्रवाट समेत निजले पेश गरेको भन्ने थप पुष्टी भएको।यसै सन्दर्भमा पुनरावेदक/ प्रतिवादी : काठमाडौं जिल्ला गोंगबु गा.वि.स. वडा नं. ४ नयाँ बसपार्क बस्ने तारा राजभण्डारी (कार्की) बिरुद्ध विपक्षी/वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट भानुभक्त निरौलाको प्रतिवेदनले नेपाल सरकार भएको भ्रष्टाचार(नक्कली प्रमाणपत्र) मुद्दामा "अपराध हुनलाई अपराधिक कार्य(Actus Reus) र अपराधी मन (Mens Rea) दुबै आवश्यक हुने। पेश भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा वहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेश नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्य पछाडि ओहदा सम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने अपराधिक अभिप्राय वा उद्देश्य (Mens Rea) रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाण पत्र पेश गर्ने कार्यमा अपराधिक कार्य (Actus Reus) र अपराधिक मन वा उद्देश्य (Mens Rea) समेतका दुवै तत्व समावेश भएको। पेश भएको प्रमाणपत्रबाट लाभ लिएको वा नलिएको भन्ने कुराको विचार भई माथिल्लो पदमा वढुवा प्राप्त गर्नको लागि समेत विवादको प्रमाणपत्रको कुनै प्रयोजन हुने नदेखिएको स्थितिमा प्रतिवादीलाई अभियोग वमोजिम कसूरदार ठहर गर्न उपयुक्त र न्यायोचित नदेखिने भनी सफाई दिने ठहर्यादएको संयुक्त इजलासबाट भएको रुलिङसँग यो इजलास सहमत हुन नसक्ने।" भन्ने सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट कानूनी सिद्धान्त समेत प्रतिपादन भई सकेकोमा सो कानूनी सिद्धान्त समेतको विपरित हुँदा प्रस्तुत फैसला त्रुटीपुर्ण रहेको।<br>अतः माथि उल्लिखित आधार प्रमाणहरु एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरु समेतबाट प्रतिवादी फत्ते बहादुर सोडारीले आरोपपत्र मागदावी बमोजिमको कसुर गरेको पुष्टी भएको अवस्थामा निज प्रतिवादीलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आरोपपत्र मागदावीबाट सफाइ दिनेगरी विशेष अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी सर्वोच्च अदालत संयुक्त इजलासबाट भएको उक्त फैसला त्रुटीपूर्ण देखिंदा उक्त फैसला उल्टी बदर गरी निज प्रतिवादीलाई आरोपपत्र बमोजिम सजाय गरी पाउन मागदाबी रहेको। |